# काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

## ढल महाशाखा, सुन्दरीघाट, किर्तिपुर । फोन नम्बर :४३३२८०८

## सामाग्री सहित ढल लाईन निर्माण सुधार कार्यको सिलबन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति २०७५/१०/२१

यस महाशाखा अन्तर्गत तपसिलमा उल्लेखित स्थानहरुमा सामाग्री सहित ढल लाईन निर्माण सुधार कार्य गर्नु पर्ने भएकोले ईच्छुक निर्माण ब्यबसायीहरुबाट नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भई प्राप्त गरेको इजाजत पत्र, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब.०७४/०७५ को कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु सहित बोलपत्र/दरभाउपत्र उपलब्ध गराई पाउं भन्ने निवेदन संलग्न गरी बोलपत्र फारम/दरभाउपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही छुट्टाछुट्टै शिलबन्दी वोलपत्र/दरभाउपत्र खरिद गर्न र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र/दरभाउपत्र साथ तपसिलमा उल्लेखित नगद रकम एभरेष्ट बैंक पुल्चोक स्थित यस महाशाखाको च.हि.न.०१२००१०५२०००१९ मा जम्मा गरेको सक्कलै भौचर वा “क” बर्गका नेपाली बाणिज्य बैंकहरुबाट जारी गरेको बैंक जमानी पत्र पेश गर्नु पर्ने छ । बोलपत्र/ दरभाउपत्र खरिद गर्ने, बुझाउने र खोल्ने अन्तिम दिन विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोलेको दिनलाई मानिने छ ।

**तपसिल**

| सि.नं. | कामको बिवरण | ठेक्काको किसिम | फारम दस्तुर (फिर्ता नहुने) | बोलपत्र/दरभाउपत्र फारम बिक्री र दर्ता गर्ने अवधि | | | बोलपत्र / दरभाउपत्र खोल्ने मिति र स्थान | लागत अनुमान ( कन्टेन्जेसी र मु.अ.कर बाहेक) | जमानत (बिडबण्ड) रकम | बैंक जमानी पत्र अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री अवधि | फारम पाइने स्थान | दर्ता अवधि तथा स्थान | | | | |
| १. | का.म.न.पा.-३१ बानेश्वर जागृती नगर एरियामा सामाग्री सहित ढल लाईन निर्माण सुधार कार्य । | बोलपत्र | ३०००।- (रु.तीन हजार मात्र) | प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र । | केयुकेएल, ढल महाशाखा सुन्दरीघाट एवं त्रिपुरेश्वर शाखा कार्यालय, थापाथली । | प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२.००बजे सम्म, ढल महाशाखा, सुन्दरीघाट, किर्तिपुर । | प्रथम पटक प्रकाशित मितिबाट ३१ औं दिनको १:००वजे ढल महाशाखा, सुन्दरीघाट, किर्तिपुर । | रु.४३,३७,७०८।१० | १२५,०००।- | दर्ता गर्ने अन्तिम दिनबाट कम्तीमा १२०(एक सय बीस) दिनको हुनुपर्ने छ । |
| २ | का.म.न.पा.-१० बुद्धनगर एरियामा सामाग्री सहित ढल लाईन निर्माण सुधार कार्य । | दरभाउपत्र | १०००।- (रु.एक हजार मात्र) | प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र । | केयुकेएल ढल महाशाखा सुन्दरीघाट, किर्तिपुर । | प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे सम्म ढल महाशाखा, सुन्दरीघाट, किर्तिपुर । | प्रथम पटक प्रकाशित मितिबाट १६ औं दिनको १:०० वजे ढल महाशाखा, सुन्दरीघाट, किर्तिपुर । | रु.१५,६६,४७४।४८ | ४५,०००।- | दर्ता गर्ने अन्तिम दिनबाट कम्तीमा ७५ (पचहत्तर) दिनको हुनुपर्ने छ । |
| ३ | का.म.न.पा.-३१ बानेश्वर, त्रिनेत्र मार्ग एरियामा सामाग्री सहित ढल लाईन निर्माण सुधार कार्य । | दरभाउपत्र | | | | | | रु.७,८८,६४१।२१ | २२,८००।- | |